स्थानीय सरकार
बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०३०५६१
☎ ९८५५०७२०७२

पत्र सङ्ख्या :२०८०/०८१

चलानी नं. :

मिति : २०८१/०१/१०

## शिक्षक बैंक स्थापनार्थ विज्ञापन सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित २०८१/०१/१०

बागमती गाउँपालिका मकवानपुर अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने अस्थायी/करार प्रकृतिका शिक्षक तथा प्रचलित ऐन, नियमावली बमोजिम लामो अवधिसम्म शिक्षक बिदा बस्दा हुन सक्ने रिक्तताले नियमित पठनपाठनमा पर्ने प्रतिकुल असरलाई व्यवस्थित गरी पठनपाठन कार्यलाई नियमितता प्रदान गर्ने उद्देश्यले तहगत तथा विषयगत शिक्षक प्रतिक्षा सूचीमा सूचीकृतका लागि यस गाउँपालिको **"शिक्षक बैंक व्यवस्थापन कार्यविधि, २०८०"** को परिच्छेद ३ को दफा ३(२) बमोजिम तथा गाउँ शिक्षा समितिको मिति २०८०/१२/१७ गतेको बैठकको निर्णयानुसार **"शिक्षक बैंक"** स्थापनार्थ यो विज्ञापन प्रकाशित गरिएको छ । प्रतिक्षा सूचीमा सूचीकृत हुन इच्छुक, योग्यता पुगेका व्यक्तिहरुका लागि सूचना जारी भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तोकिएको ढाँचामा रित पूर्वक दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

झम्कनारायण घलान
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

१.सूचिकृत गरिने शिक्षकको किसिम तह र विषय

**क.बालाविस केद्र सहजकर्ता (शिक्षक)**

| क्र.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या (महिला) |
|---|---|---|---|---|
| १ | अस्थायी/करार/गापा अनुदान | - | ०१/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

**ख.प्राथमिक तह**

| क्र.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या |
|---|---|---|---|---|
| १ | अस्थायी/करार/गापा अनुदान | - | ०२/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

स्थानीय सरकार
बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०३०५६१
☎ ९८५५०७२०७२

ग.निम्नमाध्यमिक तह

| क्र.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या |
|---|---|---|---|---|
| १ | अस्थायी/करार/गापा अनुदान | अंग्रेजी | ०३/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| २ | अस्थायी/करार/गापा अनुदान | गणित | ०४/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| ३ | अस्थायी/करार/गापा अनुदान | विज्ञान | ०५/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| ४ | अस्थायी/करार/गापा अनुदान | कम्प्युटर | ०६/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

घ.माध्यमिक तह (९-१०)

| क्र.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या |
|---|---|---|---|---|
| १ | अस्थायी/करार/गापा अनुदान | अंग्रेजी | ०७/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| २ | अस्थायी/करार/गापा अनुदान | गणित | ०८/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| ३ | अस्थायी/करार/गापा अनुदान | विज्ञान | ०९/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

प्रमुख प्रशासकीय अधिकृत

**२. परीक्षा दस्तुर :**

क) बालविकास सहज कर्ता लागि : रु.३००।–
ख) प्राथमिक तहका लागि : रु.५००।–
ग) निम्नमाध्यमिक तहका लागि : रु.५००।–
घ) माध्यमिक तहका लागि : रु.१,०००।–

**३. परीक्षाको किसिम :** लिखित र अन्तरवार्ता ।

**४. परीक्षा मिति र केन्द्र :** पछि प्रकाशित गरिने छ ।

**५. दरखास्त दिने स्थान :** शिक्षा शाखा, बागमती गाउँपालिका, झुरझुरे , मकवानपुर ।

स्थानीय सरकार
बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल
☎ ९८५५०३०५६१
☎ ९८५५०७२०७२

**६. विज्ञापन समबन्धी थप जानकारी :**

क० बालविकास केन्द्र सहजकर्ता (शिक्षक) को हकमा पालिकाले तयार पारेको पाठ्यक्रम बमोजिम हुनेछ ।

ख० सम्बन्धित तह र विषयको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

ग० बालविकास केन्द्र सहजकर्ता(शिक्षक) को हकमा स्थायी अध्यापन अनुमतिपत्र अनिवार्य नहुने,

घ० स्थायी अध्यापन अनुमतिपत्र उपलब्ध नभएकाको हकमा प्राथमिक तह, निमावि तह र मावि तहको प्रतिक्षा सूचीमा सूचिकृतका लागि छनोट हुने उम्मेदवारलाई गापा अनुदानका तर्फ सूचिकृत गरिनेछ ।

ङ० दरखास्त फारमको अग्रभागमा उम्मेदवारले आफ्नो नामथर , विज्ञापन नं., तह र परीक्षा दिने विषय स्पष्ट रुपमा लेख्नु पर्ने छ । साथै फारमको दोस्रो भागमा पेश गरेका कागजातहरको विवरण उल्लेख गर्नु पर्ने छ ।

च० कुनै उम्मेदवारले झुट्टा विवरण/कागजात पेस गरेको पाइएमा निजको दरखास्त फारम अस्वीकृत गरिने छ । यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिइसकेको भए नियुक्ति समेत रद्द गरिने छ ।

छ० रीत नपुगेको वा सर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन ।

ज० दरखास्त फारमसाथ पेस गरिएका कागजातका प्रतिलिपिहरुमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।

झ० दरखास्त फारम बागमती गाउँपालिकाको वेवसाइट www.bagmatimunmakwanpur.gov.np वाट डाउनलोड गर्न सकिने छ ।

ञ० थप जानकारीको लागि (परीक्षा समिति) सम्पर्क नं.: ९८५५०३०५३१,९८४२५६८१७०, ९८४३२८३६३६, ९८५५०३०५९८)

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
बागमती गाउँपालिका
शिक्षक छनोट समिति
झुरझुरे, मकवानपुर

| हालै खिचेको पासपोर्ट साइजको मुखाकृति पूरै देखिने तस्विर र फारममा पर्ने गरी उम्मेवारले दस्तखत गर्ने |
|---|

# शिक्षक बैंक स्थापनार्थ छनोट परीक्षाको दरखास्त फारम

**परीक्षा दिन चाहनेको तह र विज्ञापन नम्बर :**

| १. तह | किसिम | विज्ञापन नं. |
|---|---|---|

**२. व्यक्तिगत विवरण :**

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम थर | (देवनागरीमा) : | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) : | | लिङ्ग : |
| | नागरिकता नं.: | जारी गरेको जिल्ला : | | जारी मितिः |
| | स्थायी अध्यापन अनुमति पत्र नं. | | | तह |
| स्थायी ठेगाना | जिल्ला : | गा.पा./न.पा.: | | वडा नं. |
| | टोल : | मार्ग/घर नं. : | | फोन नं. |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेलः |
| बाबुको नाम थर : | | आमाको नाम थर : | | |
| बाजेको नाम थरः | | पति/पत्नीको नाम थरः | | |
| जन्म मिति (साल, महिना,गते): | वि.सं. मा : | इ.स. मा : | | |
| | दरखास्त दिने अन्तिम मितिसम्मको उमेर : वर्ष : | महिना : | दिन : | |

**३. न्यूनतम योग्यता सम्बन्धी विवरण (सम्बन्धित तहको लागि आवश्यक शैक्षिक योग्यता मात्र उल्लेख गर्ने)**

| क्र. सं. | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको परीक्षा | | | कुल प्राप्ताङ्क | प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |
| | | | | | | | |

**४. दश महिना वा सोभन्दा माथिको तालिम विवरण :**

| क्र. सं. | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको नाम | विषय | परीक्षा उत्तीर्ण गरेको साल वि.सं./इस्वी | श्रेणी | प्रतिशत | तालिमको अवधि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म |
| | | | | | | | | |
| | | | | | | | | |

५. शिक्षक बैंक स्थापनार्थ शिक्षक छनोट परीक्षाका लागि परीक्षा दस्तुर वापतको रकम रु. .................. बागमती गा.पा.को सानिमा बैंक बागमती शाखामा रहेको **खाताको नाम बागमती गा.पा. ग-१.१ आन्तरिक राजस्व खाता नं. ०६२०१००४००००००३** जम्मा गरेको भौचर नं. .................. मा मिति .............. दाखिला गरेको सक्कल भौचर र दरखास्त फारमसाथ संलग्न कागजातहरुको फोटोकपिमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान .......... यसैमा पेस गरेको छु ।

६. यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन् । उम्मेवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती सर्तहरु पालन गर्न मञ्जुर गर्दछु । लेखिएको विवरण झूठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउला । साथै विज्ञापनको/सूचना बमोजिम उम्मेदवार हुन अयोग्य नभएको व्यहोरा समेत अनुरोध गर्दछु ।

**ल्याप्चे सहिछाप**

| दायाँ | बाँया |
|---|---|
| | |

..............................

**उम्मेदवारको दस्तखत**

**मिति :**

स्थानीय सरकार

बागमती गाउँपालिका

शिक्षक छनोट समिति

**शिक्षक बैंक स्थापनार्थ छनोट परीक्षा**

**प्रवेश पत्र**

हालै खिचेको पासपोर्ट साइजको मुखाकृति पूरै देखिने तस्विर र फारममा पर्ने गरी उम्मेवारले दस्तखत गर्ने

बागमती गाउँपालिका गाउँपालिकाको कार्यालय भुरभुरे, मकवानपुर बागमती प्रदेश, नेपाल

**परीक्षार्थीले भर्ने**

(क) उम्मेवारको नाम, थर :

(ख) विज्ञापन नं. : (ग) तह :

(घ) परीक्षा दिने विषय : (ङ) गा.पा. :

(च) स्थायी ठेगाना :

(छ) परीक्षार्थीको दस्तखत :

**दरखास्त सङ्कलन केन्द्रका सम्बन्धित कर्मचारीले भर्नेः**

यस परीक्षा छनोट समितिबाट मिति .................. मा लिइने शिक्षक बैंक स्थापनार्थ शिक्षक छनोट परीक्षामा तोकिएको परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेशपत्र रद्द हुनेछ । (परीक्षा केन्द्र पछि तोकिनेछ)

.....................

अधिकृतको दस्तखत

गा.पा.: परीक्षा केन्द्र : रोल नं.

**उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु :**

१. परीक्षा दिन आउँदा अनिवार्य रूपमा प्रवेशपत्र ल्याउनु पर्नेछ, प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
३. परीक्षा शुरु हुनुभन्दा ३० मिनेट अगाडि जनाउँ घण्टी बजेपछि परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ । परीक्षा शुरु भएको २० मिनेट बितेपछि आउने उम्मेदवार परीक्षामा बस्न पाउने छैन ।
४. परीक्षा शुरु भएको ३० मिनेट व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन ।
५. परीक्षा भवनमा किताव, कापी, कागज, चिट, मोवाइल, हातहतियार अवैध पदार्थ आदि कुनै पनि वस्तु साथमा ल्याउन पाइने छैन ।
६. उम्मेदवारले आपसमा कुराकानी र सङ्केत गर्न पाइने छैन र आफूलाई चिनाउने कुनै सङ्केत उत्तरपुस्तिकामा लेख्न पाइने छैन ।
७. कुनै पनि उम्मेदवारले उत्तरपुस्तिकामा आफ्नो नाम, थरमा केरमेट गर्नु हुदैन । केरमेट गरेमा त्यस्ता उम्मेदवारको सम्पूर्ण परीक्षा रद्द हुनेछ । तर त्यसदेखि बाहेकका अन्य विवरण केरमेट हुन गएमा त्यस्तो स्थानमा केन्द्राध्यक्षलाई जानकारी गराई केरमेटको कैफियत खोली दस्तखत गर्न लगाउनु पर्नेछ । अन्यथा त्यस्ता उम्मेदवारको परीक्षा स्वतस् रद्द हुनेछ ।
८. थप त्तरपुस्तिकामा नाम, थर, रोल नम्बर वा आफूलाई चिनाउने कुनै सङ्केत वा चिन्ह लेख्न पाइने छैन ।
९. परीक्षा भवनमा अनुचित काम गर्न पाइने छैन । यदि गरेमा परीक्षा भवनबाट निश्काशन गरिने छ ।
१०. विषयगत परीक्षामा चित्र बनाउने प्रयोजनबाहेक अन्य प्रयोजनमा सिसाकलम (पेन्सिल)को प्रयोग गर्न पाइने छैन ।
११. आफूले परीक्षा दिएको दिनमा आफ्नो हाजिर गर्न छुट भएको भए तुरुन्त खबर गरी अनिवार्य रूपमा हाजिर गर्नु पर्दछ ।
१२. परीक्षा कार्यक्रम समितिको विज्ञापन वा सूचनामा उल्लेख भएअनुसार हुनेछ ।
१३. परीक्षा भवनभित्र हल्ला गर्न पाइने छैन । कुनै उम्मेदवारले प्रश्नपत्रमा अस्पष्ट भएमा सोध्नु पर्दा अनुशासित तवरले उठी अरुलाई बाधा नपर्ने गरी सम्बन्धित कोठामा खटिएका कर्मचारीलाई सोध्नु पर्नेछ ।
१४. लिखित परीक्षामा उत्तीर्ण भएपछि उम्मेदवारले अन्तर्वार्ता हुनु अगाडि समितिले तोकेको स्थानमा तोकिदिएको फाराम १ (एक) प्रति अनिवार्य रूपमा भर्नुपर्नेछ ।
१५. उत्तरपुस्तिकामा नाम, रोल नम्बर आदि विवरण लेखेको ठिक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन ।
१६. उम्मेदवारले परीक्षा समयमा पश्नपत्रमा कुनै चिन्ह, सङ्केत वा अक्षर लेख्न हुँदैन ।
१७. एउटा उम्मेदवारले कुनै अर्को उम्मेदवारको उत्तरपुस्तिकाबाट नक्कल गरेको पाइएमा नक्कल गर्ने र गर्न दिने दुबै उम्मेदवार परीक्षाबाट निष्कासित हुनेछन् ।
१८. उम्मेदवारले एकपटक आफ्नो उत्तरपुस्तिका बुझाई परीक्षा हल बाहिर गई सकेपछि कुनै हालतमा पनि निजले पुनः परीक्षा दिन पाउने छैन ।
१९. परीक्षाको मर्यादा भङ्ग हुने, परीक्षा खल्बलिने लगायतका अन्य कुनै अनियमित काम गरेमा र एक व्यक्तिको सट्टा अर्को व्यक्ति उम्मेदवारर भई परीक्षा दिएमा, निरीक्षकलाई उत्तरपुस्तिका नबुझाई आफैं लगेमा वा च्यातेमा वा नष्ट गरेमा त्यस्ता उम्मेदवारको परीक्षा स्वत : रद्द हुनेछ र निजलाई प्रचलित कानून अनुसार थप कारवाही हुन सक्नेछ ।
२०. अन्य कुराको हकमा समितिले तोके बमोजिम हुनेछ ।